मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : १३० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ चैत १५ गते आइतबार (Sunday, 29 March. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## लागूऔषधसहित तीन जना पक्राउ

**बिर्तामोड, चैत १४।** सुनसरी र उदयपुरको विभिन्न स्थानहरुबाट लागू औषध ब्राउन सुगर, प्रतिबन्धित औषधि र गाँजा सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले भद्रपुर नगरपालिका-६ बाट भारत ठाकुरगञ्जका ३७ वर्षीय बेचन यादवलाई २० ग्राम ६९० मिलिग्राम ब्राउन सुगरसहित पक्राउ गरेको छ । उता सुनसरीको बर ाहक्षेत्र- ८ शुक्रबारबाट B३८L२९६२ नम्बरको मोटर साइकललाई शंका लागी चेकजाँच गर्दा चालक देवानगञ्ज-१का २३ वर्षीय राकेशकुमार यादवको साथबाट २५ किलोग्राम गाँजा फेलापारी इलाका प्रहरी कार्यालय

(बाँकी अन्तिम पृष्ठमा)

जेन-जी आन्दोलन प्रकरण :

# पूर्व प्रधानमन्त्री ओली र पूर्व गृहमन्त्री लेखक पक्राउ





**झापा, चैत १४।** बालेन्द्र शाह नेतृत्वको सरकार गठन भए लगत्तै जेन-जी आन्दोलनसम्बन्धी प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय लिएसँगै पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र पूर्व गृहमन्त्री रमेश लेखक पक्राउ परेका छन् ।

नेकपा एमालेका अध्यक्षसमेत रहेका ओलीलाई भक्तपुरको सूर्यविनायक नगरपालिका-७ गुण्डूस्थित निवासबाट शनिबार बिहान करिब ५ बजे पक्राउ गरिएको थियो । जिल्ला प्रहरी परिसर भक्तपुरका प्रमुख एसपी सूर्यबहादुर खड्काका अनुसार काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले उनलाई नियन्त्रणमा लिई काठमाडौं ल्याएको हो ।

यसैगरी नेपाली कांग्रेसका नेतासमेत रहेका लेखकलाई पनि सूर्यविनायक-५ कटुञ्जेस्थित निवासबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ । दुवै जना जेन-जी आन्दोलनबारे छानबिन गर्न गठित गौरीबहादुर कार्की नेतृत्वको आयोगको सिफारिस कार्यान्वयनका क्रममा पक्राउ परेका हुन् ।

पक्राउ परेका दुवैजना माथि 'ज्यानसम्बन्धी कसुर' अन्तर्गत अनुसन्धान अघि बढाएको प्रहरीले जनाएको छ । जेन-जी आन्दोलनका क्रममा गत भदौ २३ र २४ गते भएका घटनामा लापरबाही र हेलचेक्र्याइँका कारण मानवीय क्षति भएको ठहर गर्दै आयोगले कारबाही सिफारिस गरेको थियो । सो प्रतिवेदनमा तत्कालीन प्रधानमन्त्री ओली, गृहमन्त्री लेखकसहित सुरक्षा र प्रशासनिक नेतृत्वमाथि जिम्मेवारी औंल्याइएको छ ।

प्रचलित कानूनअनुसार पक्राउ परेका व्यक्तिलाई २४ घण्टाभित्र अदालतसमक्ष उपस्थित गराउनु पर्नेछ । शनिबार सार्वजनिक बिदा परेकाले आइतबार अदालत खुल्ने बित्तिकै दुवै जनालाई अदालतमा पेश गरिने तयारी छ ।

अदालतले अनुसन्धानका लागि अधिकतम् २५ दिनसम्म हिरासतमा राख्न अनुमति दिन सक्नेछ । त्यस अवधिमा प्रहरीले प्रमाण सङ्कलन गरी सरकारी वकिलमार्फत मुद्दा दायर गर्नेछ । दोषी ठहरिएमा ३ देखि १० वर्षसम्म कैद सजाय हुन सक्ने कानूनी व्यवस्था छ ।

यता पक्राउको विरोधमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का कार्यकर्ताहरू काठमाडौंसहित देशभर आन्दोलन चर्काएका छन् । ओलीको गृह जिल्ला झापादेखि काठमाडौंको माइतीघर-बबरमहल क्षेत्रमा प्रदर्शनमा उत्रिएका छन् ।

काठमाडौंमा भएको प्रदर्शन उग्र बन्दै गएपछि प्रहरीले लाठीचार्ज गरेको थियो । लाठीचार्जमा युवराज ओलीसहित केही कार्यकर्ता घाइते भएका छन् । घाइतेहरूलाई उपचारका लागि अस्पताल लगिएको प्रहरीले जनाएको छ ।

यसैबीच एमालेका पूर्व सभासद कर्णबहादुर

(बाँकी अन्तिम पृष्ठमा)

## हावाहुरीको कहर : झापामा लाखौंको क्षति



**झापा, चैत १४।** झापाको गौरादह नगरपालिका क्षेत्रमा शुक्रबार राति आएको हावाहुरी र वर्षाले विभिन्न घर तथा संरचनामा क्षति पुऱ्याएको छ ।

प्रहरी चौकी महारानीझोडाका अनुसार राति करिब २२:३० बजे आएको हावाहुरीले गौरादह-४ चान्दु टोल, जत्रुचौन र बालुबथान क्षेत्रमा बसोबास गर्ने स्थानीयवासीका घरमा क्षति पुगेको हो । हावाहुरीले मानवीय तथा पशु चौपायामा क्षति नभएको जनाइएको छ ।

हावाहुरीका कारण गौरादह-४ चान्दु टोलका ५३ वर्षीय ऐरबहादुर त्रिखत्रीको टिनको छानो र बाँसको टाटीले बनेको एकतले घर तथा भान्सा कोठा भत्किँदा करिब १ लाख ४० हजार रुपैयाँ बराबरको क्षति भएको छ ।

यस्तै, सोही नगरपालिका-५ जत्रुचौनका ४० वर्षीय चन्द्रमणि खनालको एकतले पक्की घरको छानो उडाउँदा घरभित्र रहेको अन्नपातसहित करिब २ लाख ५० हजार रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ । त्यसैगरी, ३२ वर्षीया पार्वता खनालको दुईतले घरको माथिल्लो तल्लाको छानो उडाउँदा अन्नपातसहित करिब २ लाख रुपैयाँ बराबरको क्षति पुगेको बताइएको छ ।

स्थानीय बिना परियारले सुंगुर पालनका लागि बनाएको टिनको छानो भएको खोरमा पनि क्षति पुगेको छ । खोरको छानो उडाउँदा करिब ६० हजार रुपैयाँ बराबरको नोक्सानी भएको बताइएको छ ।

यस्तै, बालुबथानका ३९ वर्षीय दिलकुमार चेम्जोङको ट्रस लगाइएको एकतले पक्की घरको छानो उडाउँदा करिब २६ हजार रुपैयाँ बराबरको क्षति भएको छ । प्रहरीका अनुसार घटनाबाट जम्मा ६ लाख ७६ हजार रुपैयाँ बराबरको क्षति भएको छ ।

यता मेचीनगर नगरपालिका-१० आम्दा रोडस्थित सुरज चौधरीले सञ्चालन गरेको 'दुर्गा कुचो खरिद तथा बिक्री केन्द्र'को गोदाममा हावाहुरीले जस्ताको छानो उडाएको छ । छानो उड्दा भित्र राखिएका कुचो भिजेर नष्ट हुँदा मात्रै करिब ३० लाख रुपैयाँ बराबरको क्षति भएको प्रहरीको प्रारम्भिक अनुमान छ ।

घटनाका सम्बन्धमा स्थानीय प्रहरी टोलीले थप विवरण संकलन तथा अनुसन्धान गरिरहेको जनाएको छ ।

## २००० भन्दा बढी ग्यासका बुलेट भित्रिए




**बिर्तामोड, चैत १४।** वीरगञ्ज भन्सार कार्यालय हुँदै करिब डेढ महिनाको अवधिमा दुई हजार १३६ वटा एलपी ग्यासका बुलेट भित्रिएका छन् ।

पछिल्लो समय मध्यपूर्वका देशमा देखिएको सङ्कटसँगै नेपालसहित अन्य मुलुकमा एलपी ग्यासको अभाव देखिएको छ । यसैबीच, वीरगञ्ज नाका हुँदै फागुनमा मात्रै एक हजार ५ सय ६० वटा एलपी ग्यासका बुलेट भित्रिएका भन्सार कार्यालयले जनाएको छ ।

कार्यालय मातहत पर्ने एकीकृत भन्सार जाँचचौकीको व्यवस्थापन गर्दै आएका टिआरएस हिमायन लजी पार्कका 'अपरेसन हेड' गणेश घिमिरेले गत फागुनदेखि चैत १३ गतेसम्मको अवधिमा दुई हजार एक सय ३६ वटा एलपी ग्यासका बुलेट वीरगञ्ज नाका हुँदै भित्रिएका जानकारी दिए । गत माघमा एक हजार ४०३ वटा एलपी ग्यासका बुलेट भित्रिएका थिए- उनले भने- चैतको १३ गतेसम्म पनि ५ सय ७६ वटा बुलेट भित्रिएका छन् ।

वीरगञ्ज भन्सार कार्यालयका अनुसार चालू आवको सात महिनामा यो नाका हुँदै रु. २० अर्ब ८५ करोड मूल्य पर्ने २० करोड २८ लाख २० हजार ९३२ किलो एलपी ग्यास आयात भएको छ ।

गत आवको सात महिनाको अवधिमा रु. २४ अर्ब छ करोड मूल्य पर्ने २१ करोड ४२ हजार ७८१ किलो एलपी ग्यास आयात भएको थियो ।

## ओली-लेखकको रिहाइको माग गर्दै दिउँसो प्रदर्शन साँझ राँके जुलुश



**झापा, चैत १४।** पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र पूर्व गृह मन्त्री रमेश लेखक पक्राउ परेसँगै उनीहरूको रिहाइको माग गर्दै ओलीको गृह जिल्ला झापामा विरोध प्रदर्शन शुरु भएको छ ।

नेकपा एमाले झापाको आयोजनामा बिर्तामोडस्थित जिल्ला पार्टी कार्यालयबाट निकालिएको विरोध ऱ्याली नगर परिक्रमा गर्दै मुक्ति चोकमा पुगेर कोणसभामा परिणत भएको थियो ।

कोणसभामा बोल्ने अधिकांश वक्ताहरूले नयाँ सरकार गठन भएको छोटो समयमै प्रतिशोधपूर्ण कदम चालिएको आरोप लगाउँदै कडा विरोध जनाए ।

उनीहरूले यस्तो अभ्यासले राजनीतिक प्रतिशोधको खतरनाक नजिर बस्न सक्ने चेतावनी दिँदै पार्टी अध्यक्ष ओली र पूर्व गृहमन्त्री लेखकलाई विना सर्त रिहा गर्न माग गरेका छन् ।

सभालाई सम्बोधन गर्दै जिल्ला अध्यक्ष प्रेम गिरीले बालेन्द्र शाह नेतृत्वको सरकारले पदभार ग्रहण गरेको २४ घण्टा नबित्दै बिदाको दिन पारेर गरिएको गिरफ्तारी असंवैधानिक र लोकतन्त्रविरोधी कदम भएको आरोप लगाए । त्यस्तै एमाले नेता तथा बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्र संग्रौलाले कार्की आयोगको त्रुटीपूर्ण प्रतिवेदनका आधारमा गरिएको पक्राउ निन्दनीय भएको बताएका छन् ।

यता साँझ नेकपा एमालेले झापाको माई पूर्व र माई पश्चिम छुट्टा-छुट्टै विरोधका कार्यक्रम सञ्चालन गरेको हो । साँझ बिर्तामोड र दमकमा राँके जुलुश प्रदर्शन गरिएको थियो ।

## असमानता प्रतिवेदन २०२६ सार्वजनिक

**विराटनगर, चैत १४।** गैरसरकारी सङ्घ महासङ्घ नेपाल कोशी प्रदेशको आयोजनामा मुलुकमा रहेका विभिन्न किसिमका असमानताका स्वरूपबारी जानकारी लिने र आवश्यक विश्लेषण गर्ने उद्देश्यले 'असमानता प्रतिवेदन २०२६' सार्वजनिक गरिएको छ ।

शुक्रवार विराटनगरमा आयोजित एक कार्यक्रममा उक्त प्रतिवेदन सार्वजनिक गर्दै सरोकार भएका निकायका प्रतिनिधिबीच बृहत छलफल भएको हो ।

गैरसरकारी सङ्घ महासङ्घका केन्द्रीय उपाध्यक्ष राजेन्द्र शर्माको प्रमुख आतिथ्यतामा भएको उक्त कार्यक्रममा कोशी प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरूको उपस्थिति थियो । कार्यक्रममा विशेष गरी महिला, युवा तथा विभिन्न समूहका प्रतिनिधिको सक्रिय सहभागिता थियो ।

छलफलका क्रममा विज्ञ परामर्शदाता डा. रेवत ढकालले प्रतिवेदनको

(बाँकी अन्तिम पृष्ठमा)

**बिर्तामोडको कर्मशियल भवन बिक्रीमा**



**झापाको बिर्तामोड-१ स्थित पश्चिम बस स्टेण्डमा होटल, हस्पिटल, कलेज, मार्ट, पार्टी प्यालेस लगायत सञ्चालन गर्नका लागि उपयुक्त १ कठ्ठा १० धुर जग्गामा बनेको तीन तले कर्मशियल भवन बिक्रीमा रहेको छ । इच्छुकले सिधा सम्पर्क गर्नुहोला ।**

**सम्पर्क : ९७०७११९५५७ Whatsup: ९८५२६७२५९६**

## इटहरीमा छैटौं इस्टर्न ट्राभल मार्ट

**काठमाडौँ, चैत १४।** नेपाल पर्यटन बोर्ड र इटहरी उपमहानगरपालिकाको सहकार्यमा छैटौं 'इस्टर्न ट्राभल मार्ट' शनिवारदेखि इटहरीमा शुरु भएको छ ।

कोशी प्रदेशका पर्यटकीय सम्भावनालाई अन्तरराष्ट्रिय बजारसँग जोड्ने लक्ष्यसहित शुरु भएको यो मार्ट तीन दिनसम्म सञ्चालन हुने बोर्डले जनाएको छ ।

कार्यक्रमको उदघाटन गर्दै कोशी प्रदेशका पर्यटन, वन तथा वातावरणमन्त्री भीम पराजुलीले कोशी प्रदेश प्राकृतिक, सांस्कृतिक र धार्मिक हिसाबले अत्यन्त समृद्ध रहेको बताए । उनले भने - कोशी प्रदेश नेपालको पर्यटनको 'गेटवे' बन्ने क्षमता राख्छ । हामी यसलाई योजनाबद्ध रूपमा विकास गर्दै अन्तरराष्ट्रियस्तरमा स्थापित गर्ने दिशामा अघि बढिरहेका छौं । मन्त्री पराजुलीले जैविक विविधता, सिमसार क्षेत्र र वन्यजन्तु पर्यटनका दृष्टिले पनि यो प्रदेश सम्पन्न भएको उल्लेख गरे ।

उनले भने -संसारको सबैभन्दा अग्लो हिमाल सगरमाथादेखि समुद्री सतहबाट होचो स्थानमा रहेको कचनकवलसम्म यही प्रदेशमा पर्दछन् । यहाँको पर्यटन अन्तरराष्ट्रिय बजारमा प्रवर्द्धन गर्न प्रदेश सरकारले पर्यटन पूर्वाधार विकास, लगानी तथा नीति सहजीकरणमा निरन्तर काम गरिरहेको छ । आगामी दिनमा पनि पर्यटन विकासका लागि आवश्यक सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले मार्ट पूर्वी नेपालको पर्यटन प्रवर्द्धनका लागि प्रभावकारी मञ्च बन्ने विश्वास व्यक्त गरे । हामी पर्यटनलाई अर्थतन्त्रको प्रमुख आधारका रूपमा अगाडि बढाइरहेका छौ- उनले भने -१६औँ आवधिक योजना र 'नेपाल पर्यटन दशक' अभियानमार्फत पर्यटनलाई रोजगारी र आय वृद्धिको मुख्य माध्यम बनाइँदैछ ।

सचिव निरौलाले पूर्वीनेपालको पर्यटन अब सम्भावनाको चरणमा मात्र छैन, कार्यान्वयनको चरणमा प्रवेश गरिसकेको उल्लेख गर्दै इष्टर्न ट्राभल मार्ट जस्ता मञ्चहरूले यसलाई अन्तर्राष्ट्रिय बजारमा कोशीलाई चिनाउने आधार तयार गरेको बताए ।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले पर्यटनलाई संस्कृति, अर्थतन्त्र र मानिसलाई जोड्ने माध्यमको रूपमा व्याख्या गर्दै पूर्वी

(बाँकी अन्तिम पृष्ठमा)

**बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको**

**२३ औं वार्षिक साधारणसभा बस्ने बारेको अत्यन्त जरुरी सूचना**

**बिर्तामोड साना शहरी खानेपानी तथा सरफाई उपभोक्ता संस्थाको २३ औं वार्षिक साधारणसभा यही मिति २०८२ चैत्र १६ गते दिनको ११ बजे संस्थाको कार्यालय १ नम्बर ट्याङ्कीमा बस्ने भनी साधारणसभाका प्रतिनिधि सदस्यज्यूहरुलाई अग्रिम पत्र पठाई सकिएको छ । कारणवश पत्र प्राप्त हुन नसकेको भए यसै सूचनालाई आधार मानी उपस्थित भई दिनु हुन सम्पूर्ण प्रतिनिधि सदस्यज्यूहरुमा हार्दिक अनुरोध गरिन्छ ।**

**पारशमणि मैनाली** — सचिव

**मेघराज बाँस्तोला** — अध्यक्ष

**बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था, बिर्तामोड, झापा**

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

**Advance Pathology Lab**
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com



**सङ्ग्रहालय भवन निर्माणको अन्तिम चरणमा** : तेह्रथुमको फेदाप गाउँपालिका-१ पोक्लाबाङस्थित पोक्लाबाङ सांस्कृतिक सङ्ग्रहालय भवन निर्माणको काम अन्तिम चरणमा । लोपोन्मुख सांस्कृतिक वस्तुको संरक्षणका लागि निर्माण शुरु गरिएको उक्त सङ्ग्रहालय भवन शहरी विकास मन्त्रालयको भ्याटसहित रु. दुई करोड ७३ लाखको लागतमा मारुति बिल्डर्स निर्माण कम्पनीले २०८१ असारदेखि निर्माण गरिरहेको हो । बहुवर्षीय योजनाअन्तर्गत निर्माण भइरहेको भवन चालू आर्थिक वर्षको अन्त्यसम्म सम्पन्न गर्ने लक्ष्य रहेको छ । *तस्बिर : बबिता राई/रासस*

# पत्रकार हरिबहादुर लम्जेललाई षष्टिका बस्नेत पुरस्कार

**विराटनगर, चैत १४।** नेपाल पत्रकार महासंघ मोरङले 'षष्टिका बस्नेत सूचनाको अधिकार प्रोत्साहन पुरस्कार, २०८२' धनकुटाका पत्रकार हरिबहादुर लम्जेललाई प्रदान गर्ने भएको छ ।

पत्रकार महासंघ धनकुटाका सचिव रहेका लम्जेल अन्नपूर्ण पोस्टका धनकुटा समाचारदाता पनि हुन् । महासंघ मोरङ अध्यक्ष सुशीला पाठकको अध्यक्षतामा शनिबार बसेको १० औं बैठकले २५ हजार २५ रुपैयाँ राशिको पुरस्कार लम्जेललाई दिने निर्णय गरेको हो ।

पत्रकार महासंघको ७१ औं स्थापना दिवसको अवसरमा यही चैत १६ गते पुरस्कार वितरण गरिने महासंघ मोरङका सचिव नेत्र पी अधिकारीले जानकारी दिए । उनका अनुसार पुरस्कार वितरण कार्यक्रमको प्रमुख अतिथि कोशी प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री इन्द्रमणि पराजुली रहने छन् ।

त्यसैगरी, महासंघले विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा आगामी वैशाख २० गते (मे ३, २०२६) विराटनगरमा आँखा जाँच शिविर आयोजना गर्ने निर्णय पनि गरेको छ । बैठकले २०८२ सालको सदस्यता नवीकरण चैत मसान्तभित्र अनिवार्य रूपमा गरिसक्न सबै साधारण सदस्यहरूलाई आग्रह गरेको छ ।

# सजिवको "हामी तीन भाइ"




**काठमाडौँ, चैत १४।** शुक्रबार देशभर चलचित्र 'हामी तीन भाइ' प्रदर्शनमा आएको छ । फ्राइडे रिलिज अन्तर्गत प्रदर्शनमा आएको यो चलचित्रले देशभर एकल प्रदर्शन अवसर पाएको छ ।

चलचित्रले देशभरका एक सयभन्दा बढी शो पाएको निर्माण युनिटले जनाएको छ । सामाजिक कथामा कमेडी, पारिवारिक खटपट तथा सन्देश पनि दिने चलचित्र 'हामी तीन भाइ'लाई मधुसुधन भट्टराईले निर्देशन गरेका हुन् । सबै उमेरका दर्शकले हेर्न मिल्ने फिल्ममा तीन दाजुभाइबीचको सम्बन्धको कथा छ ।

फिल्ममा विनोद न्यौपाने, लक्ष्मी वर्देवा, कुशल विष्ट, आश्मा गिरी, जाह्नवी बस्नेत, फलित राई, राजाराम पौडेल, रवीन्द्र झा, विष्णु सापकोटा (हर्के हल्दार), विकास चापागाइँ शुष्मा निरौला, यादव देवकोटा (सरापे),अन्जु हमाल, तारा शर्मा, पवन केसी, रमा विष्ट, विरेन श्रेष्ठ, शुष्मा जिम्बा, खिन्नबहादुर भण्डारी (भोले), गोविन्दप्रसाद पौडेल, भूमिका गिरी, टेकराज पौडेल, अमृतमान महर्जन लगायतको अभिनय दर्शकले हेर्न पाउने छन् ।

यद्यपि चलचित्रलाई व्यावसायिक सफलताका लागि भने ठूलो चुनौति थपिएको छ । प्रदर्शनको ५१औँ दिन मनाएको चलचित्र 'आबाट आमा' र बलिउडको ठूलो चलचित्र 'धुरन्धर २'ले हलमा राम्रो व्यवसाय गरिरहेको छ । तर हामी तीन भाइ चलचित्रले दर्शकको मन जित्नेमा निर्माण पक्ष ढुक्क देखिएका छन् ।

प्रसिद्धि सिने आर्ट्स प्रालिको ब्यानरमा निर्माण भएको यस चलचित्रलाई त्रिरन्त श्रेष्ठ र मनोज श्रेष्ठले निर्माण गरेका हुन् । विक्रम तामाङ कार्यकारी निर्माता रहेको यस चलचित्रमा सह-निर्माता भक्तलाल श्रेष्ठ, प्रतिमा थापा पोखरेल, दुर्गालक्ष्मी पाण्डे विशेष सहयोगी शम्भुकुमार केसी रहेका छन् ।

साजित महत प्रस्तुतकर्ता रहेको यस फिल्मको पटकथा तथा संवाद पछिल्लो समयका व्यस्त लेखक शिवम् अधिकारीले लेखेका हुन् । शिव ढकालको छायाङ्कन, बनिश शाहको सम्पादन रहेको यस चलचित्रका गीतमा संगीतमा साप शक्ति, बाबुल गिरीले दिएका छन् । चलचित्रमा नृत्य निर्देशन कमल राई, इन्द्रदेव महर्जनले गरेका छन् ।

# मेरो पक्राउ प्रतिशोधपूर्ण : पूर्वप्रधानमन्त्री ओली

**काठमाडौं, चैत १४।** पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले आफूलाई गरिएको पक्राउ 'प्रतिशोधपूर्ण' भएको बताएका छन् । शनिबार बिहान प्रहरीले उनलाई निवासबाटै नियन्त्रणमा लिएपछि उनले कानूनी लडाइँ लड्ने बताएका हुन् । प्रहरी टोली उनलाई पक्राउ गर्न भक्तपुरस्थित निवास पुग्नुअघि ओलीले आफ्ना वकिलहरूसँग परामर्श गरेका थिए । सो क्रममा पूर्वमहान्यायाधिवक्ता रमेश बडाल र वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईसमेत त्यहाँ पुगेका थिए ।



स्रोतका अनुसार ओलीले आफ्ना कानून व्यवसायीलाई आवश्यक कानूनी प्रतिरक्षाको तयारी गर्न निर्देशन दिएका थिए । पक्राउपछि उनलाई जिल्ला प्रहरी परिसर काठमाडौं लगिएको छ ।

यसैबीच, प्रहरीले जेन-जी आन्दोलनको घटनासँग सम्बन्धित मुद्दामा पूर्व गृहमन्त्री रमेश लेखकलाई पनि शनिबार बिहान भक्तपुरस्थित निवासबाटै पक्राउ गरेको जनाएको छ । यता पूर्वगृहमन्त्री रमेश लेखकले राजनीतिक प्रतिशोध र पूर्वाग्रही ढंगले आफूलाई पक्राउ गरेको भन्दै यसविरुद्ध राजनीति र कानूनी लडाइँ लड्ने बताएका छन् ।

भक्तपुरको कटुन्जेस्थित निवासबाट प्रहरीले शनिबार बिहान उनलाई पक्राउ गरेको हो । पक्राउ गरेपछि लेखकले भनेका छन् - राजनीतिक पूर्वाग्रह र प्रतिशोधपूर्ण ढंगले मलाई पक्राउ गरिएको छ । यसको राजनीतिक र कानूनी लडाइँ लड्न तयार छु । उनले मन्त्रिपरिषद्को निर्णयबाट मान्छे पक्राउ गर्ने अभ्यास थालेर कानूनको मजाक उडाइएको टिप्पणी पनि गरेका छन् । 'क्याबिनेटबाट निर्णय गरेर पक्राउ गरिएको छ । यस्तो कहिले हुँदैन संसारमा,- उनले भनेका छन् ।

**प्रतिवेदन एमालेद्वारा अस्विकार पुनःछानबिन समिति गठनको माग**

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले जेन-जी आन्दोलनको छानबिनका लागि गठन गरिएको गौरीबहादुर कार्की आयोगको प्रतिवेदन अस्वीकार गर्दै नयाँ न्यायिक छानबिन समिति गठन गर्न माग गरेको छ । पार्टी अध्यक्ष केपी शर्मा ओली पक्राउ परेपछि आकस्मिक रूपमा बसेको सचिवालय बैठकले उक्त प्रतिवेदनलाई 'पूर्वाग्रही, प्रतिशोधपूर्ण र न्यायिक सिद्धान्तविपरीत' ठहर गर्दै अस्वीकार गर्ने निर्णय गरेको हो ।

महासचिव शंकर पोखरेलका अनुसार बैठकले बहालवाला सर्वोच्च अदालतका न्यायाधीशको नेतृत्वमा नयाँ छानबिन समिति गठन गर्न सरकारसँग माग गर्ने निर्णय गरेको छ । कार्की नेतृत्वको आयोगको सिफारिसका आधारमा प्रहरीले पूर्वप्रधानमन्त्री ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई शनिबार बिहान भक्तपुरस्थित निवासबाट पक्राउ गरेको थियो । एमालेले उक्त कदमलाई लोकतान्त्रिक मूल्य र कानूनी शासनविपरीत भएको आरोप लगाएको छ ।

पार्टीले उनीहरूको पक्राउको विरोधमा देशभर प्रदर्शन गर्ने घोषणा गरेको छ । साथै, अन्य राजनीतिक दल र नागरिक समाजसँग समन्वय गरी कानूनी तथा राजनीतिक लडाइँ अघि बढाउने रणनीति समेत तय गरिएको जनाएको छ ।

जिम्मेवारी बाँडफाँट अन्तर्गत राजनीतिक दलहरूसँग समन्वय गर्ने जिम्मा उपाध्यक्ष विष्णु पौडेललाई दिइएको छ भने संसदीय दलहरूसँग संवादका लागि उपाध्यक्ष रामबहादुर थापालाई खटाइएको छ ।

यस्तै, कानूनी प्रतिकारका लागि उपाध्यक्ष गोकर्ण विष्टलाई जिम्मेवारी दिइएको छ । जनपरिचालनको काम पार्टी केन्द्रीय कार्यालयमार्फत सञ्चालन गरिने महासचिव पोखरेलले जानकारी दिए ।

**ओली र रमेश लेखकलाई गलत ढंगले पक्राउ गरियो : कांग्रेस**

नेपाली कांग्रेसले पूर्वप्रधानमन्त्री केपी ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई सरकारले गलत ढंगले पक्राउ गरेको प्रतिक्रिया दिएको जनाएको छ । कांग्रेसले भन्यो- ओली र रमेश लेखकलाई गलत ढंगले पक्राउ गरियो ।

कांग्रेस पदाधिकारी बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै प्रवक्ता देवराज चालिसेले गौरीबहादुर कार्की आयोगको प्रतिवेदनमाथि नै प्रश्न उठाए । उनले भने -कार्की आयोगको प्रतिवेदन अपूर्ण छ । त्यसमा पनि भदौ २३ र २४ गतेको घटनामा सरकारको व्यवहार चयनात्मक भयो । यसरी कानूनका प्रक्रिया समेत पालना नहुनाले न्याय पाउने प्रक्रियालाई नै गिजोल्ने देखिन्छ ।

भदौ २३ र २४ गतेको घटनालाई निष्पक्ष ढंगले टुङ्ग्याउनु भन्दा पनि सरकारले थप राजनीति गर्न खोजेको देखिएको उनले बताए । उनले दुवै दिनको घटनामा संलग्नलाई उत्तेजनामा नभई कानूनबमोजिम कारबाही हुनुपर्ने बताए । उनले छानबिन आयोगको प्रतिवेदन २४ गतेको घटनामा प्रवेश नै नगरेको बताए । उनले कांग्रेसले विधिको शासन स्वीकार्ने तर पूर्वाग्रहपूर्ण व्यवहार नस्वीकार्ने भन्दै तत्काल एमालेजस्तो आन्दोलनमा जाने भन्ने कुनै कार्यक्रम तय नभएको स्पष्ट पारे ।

उनले भने - हामी फेरि पनि प्रष्ट गर्न चाहन्छौं भदौ २३ गतेको घटनामा संलग्नसंगै २४ गतेको आगजनी र विध्वंशमा संलग्न को थिए भन्ने पनि जनताले थाहा पाउनुपर्छ । दुवै दिनको घटनामा संलग्न जो सुकै भएपनि कारवाही हुनुपर्छ । त्यसमा हाम्रो साथ रहन्छ । तर त्यो कारवाही उत्तेजना र आवेगमा आएर होइन, कानूनी प्रक्रिया बमोजिम हुनुपर्छ । यसमा सरकार स्वयम् संयमित र परिपक्व नहुँदा हतारमा गरिएको निर्णयले कानूनको शासन कमजोर हुनसक्छ ।

## इटहरीमा ...

नेपाललाई साहसिक, सांस्कृतिक र प्राकृतिक पर्यटनको महत्वपूर्ण केन्द्र भएको बताए । उनले मकालु, कञ्चनजङ्घा क्षेत्रका पदमार्ग, इलामका चिया बगान, धार्मिक स्थलहरू र साहसिक गतिविधिहरूले पूर्वी नेपाललाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन सक्ने बताए ।

नेपाल एसोसिएसज अफ टुर एण्ड ट्राभल्स नाटा कोशी प्रदेशका अध्यक्ष तथा मार्ट संयोजक पुण्यप्रसाद भट्टराईले मार्टको उद्देश्य सीमा क्षेत्रका पर्यटन व्यवसायीहरूलाई एउटै प्लेटफर्ममा ल्याई व्यापार विस्तार गर्नु रहेको बताए । बोर्डका वरिष्ठ निर्देशक हिक्मतसिंह ऐरलाई पर्यटन क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै सम्मान गरिएको थियो ।

वरिष्ठ निर्देशक ऐरले नेपालको पूर्वी क्षेत्रको पर्यटन प्रवर्द्धनसहित देशभरका सातै प्रदेशमा ट्राभल मार्ट शुरु गरेका थिए । यसलाई सीमावर्ती पर्यटन बजारलाई जोड्न महत्वपूर्ण कडीका रुपमा लिइएको छ ।

कार्यक्रममा भारतीय दूतावासका प्रथम सचिव नारायण सिंह लगायत भारत र भुटानबाट आएका पर्यटन व्यवसायीहरूको उल्लेखनीय सहभागिता रहेको छ ।

आयोजकका अनुसार भारतका बंगाल, विहार र सिक्किम तथा भुटानबाट एक सयभन्दा बढी अन्तरराष्ट्रिय पर्यटन व्यवसायीको सहभागिता र नेपालका विभिन्न प्रदेशबाट ५० भन्दाबढी व्यवसायी सहभागी भएका छन् । मार्ट आगामी चैत १६ गतेसम्म सञ्चालन हुने बोर्डले जनाएको छ ।

## पूर्व ...

मल्ललाई ललितपुरबाट प्रहरीले पक्राउ गरेको छ । उनीमाथि बलात्कारको आरोपमा उजुरी परेपछि अनुसन्धानका लागि नियन्त्रणमा लिइएको प्रहरी स्रोतले जनाएको छ ।

यता नेपाल तरुण दलले ओली-लेखक पक्राउलाई 'राजनीतिक प्रतिशोध र पूर्वाग्रहको पराकाष्टा' भन्दै सरकारको आलोचना गरेको छ । संगठनका अध्यक्ष विद्वान गुरुङले जारी गरेको विज्ञप्तिमा यस्तो कदमले लोकतान्त्रिक मूल्यमा आघात पुग्ने र देश अस्थिरतातर्फ धकेलिने उल्लेख छ । यसैबीच एमालेले पक्राउविरुद्ध 'बन्दीप्रत्यक्षीकरण' रिट लिएर सर्वोच्च अदालत जाने तयारी गरेको छ । यदि अदालतले पक्राउ प्रक्रिया गैरकानूनी ठहर गरे तत्काल रिहा हुने सम्भावना रहन्छ, अन्यथा अनुसन्धान प्रक्रिया अगाडि बढ्नेछ ।

**सरकार गठनसँगै एमालेको आन्दोलन**

राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वको नयाँ सरकार गठन भएको २४ घण्टा नबित्दै देशभर आन्दोलन शुरु भएको छ । राजधानीसहित विभिन्न स्थानमा प्रदर्शन, टायर बाल्ने र नाराबाजीका घटनाले जनजीवन प्रभावित हुन थालेको छ ।

एकातर्फ आयोगको सिफारिस कार्यान्वयनलाई कानूनी प्रक्रिया मान्ने पक्ष छ भने अर्कोतर्फ यसलाई राजनीतिक प्रतिशोधको रूपमा व्याख्या गर्नेहरूको आन्दोलन चर्किँदै गएको छ ।

**पूर्व राष्ट्रपति भण्डारीको आपत्ति**

पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीले सरकारको कदमप्रति कडा असन्तुष्टि जनाएकी छन् । उनले विज्ञप्ति जारी गर्दै यस्तो निर्णय 'अपरिपक्व' र लोकतान्त्रिक अभ्यासविपरीत भएको टिप्पणी गरेकी छिन् । उनले आयोगको प्रतिवेदन पूर्ण रूपमा परिपक्व नभएको अवस्थामा हतारमा कार्यान्वयन गर्नुले विधिको शासन कमजोर बनाउने र देशमा अस्थिरता निम्त्याउने दावी गरेकी छन् ।

## असमानता ...

सहजीकरण गर्दै नेपालमा आर्थिक, सामाजिक र लैङ्गिक असमानताका वर्तमान चुनौतीका बारेमा प्रकाश पारेका थिए । सहभागीले समाजका तल्लो तहसम्म रहेका असमानताका खाडल पुर्न सरकारी तथा गैरसरकारी क्षेत्रबाट हुनुपर्ने पहलका बारेमा आ-आफ्ना धारणा राखेका थिए ।

गैरसरकारी सङ्घ महासङ्घले सार्वजनिक गरेको उक्त प्रतिवेदनले आगामी दिनमा नीति निर्माण र पैरवीका लागि महत्वपूर्ण आधार प्रदान गर्ने अपेक्षा गरिएको छ । कार्यक्रममा कोशी प्रदेशका विभिन्न जिल्लाका प्रतिनिधिहरूको समेत उपस्थिति थियो ।

## लागू...

महेन्द्रनगरले नियन्त्रणमा लिएको छ ।

त्यसैगरी उदयपुरको प्रहरी चौकी लालपत्ताबाट खटिएको प्रहरी टोलीले त्रियुगा -६ लालपत्तामा स १ ज ५०३ नम्बरको गाडीमा सवार त्रियुगा-९का चूडामणि र ायामाझीको साथबाट ओपिडोल ७९० ट्याब्लेट, स्पासपेन ८९० ट्याब्लेट र निड्राजेपाम ५४० ट्याब्लेट प्रतिबन्धित औषधि फेला परेको थियो ।


**कोशी प्रदेश सरकार**
**आन्तरिक मामिला तथा कानून मन्त्रालय**
**विराटनगर**

**सवारी दर्ता प्रमाणपत्र (ब्लु बुक) हराएमा त्यसको प्रतिलिपि निकाल्न आवश्यक कागजात तथा प्रक्रिया सम्बन्धी सूचना**

यदि सवारी दर्ता प्रमाणपत्र (ब्लुबुक ) को फोटोकपीमा सवारीको विस्तृत विवरण र सवारीधनीको नाम स्पष्ट विवरण खुलेमा :

- सेवाग्राहीले नागरिकताको फोटोकपी, दुई प्रति हालसालै खिचिएको फोटो, सवारी दर्ता प्रमाण पत्रको फोटोकपी, सवारी साधनको इन्जिन नम्बर र चेसिस नम्बर देखिने गरीको फोटो, सवारी साधनको पूर्ण भाग देखिने गरीको फोटो ।
- ट्राफिक प्रहरीको सिफारिस, स्थानीय तहको सिफारिस, अघिल्लो वर्ष वीमा गरेको भएमा सोको फोटोकपी ।
- ऋणीको हकमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको सिफारिस पत्र ।
- सवारी साधनको आधिकारिक विक्रेताले जारी गरेको भ्याट बिलको फोटोकपी र भन्सार प्रज्ञान पत्रको विवरण वा सवारी साधनको अभिलेखीकरणको लागि स्वः घोषणा गरिएको पत्र ।
- सवारी दर्ता प्रमाण पत्रको प्रतिलिपिको लागि दरखास्तसहित कार्यालय प्रमुख समक्ष निवेदन ।

यदि सवारी दर्ता प्रमाण पत्र (ब्लुबुक) को फोटोकपी समेत नभएको वा फोटोकपीमा सबै विवरण नभएको वा नबुझिने अवस्थाको भएमा :

- सेवाग्राहीले नागरिकताको फोटोकपी, दुईप्रति हालसालै खिचिएको फोटो, सवारी साधनको इन्जिन नम्बर र चेसिस नम्बर देखिने गरिको फोटो, सवारी साधनको पूर्ण भाग देखिने गरिको फोटो ।
- ट्राफिक प्रहरीको सिफारिस, स्थानीय तहको सर्जमिन मुचुल्का सहितको सिफारिस, अघिल्लो वर्ष वीमा गरेको भएमा सोको फोटोकपी वा सवारी साधनको आधिकारिक विक्रेताले जारी गरेको भ्याट बिलको फोटोकपी र भन्सार प्रज्ञान पत्रको विवरण ।
- सवारी साधनको अभिलेखीकरणको लागि स्वः घोषणा गरिएको पत्र ।
- सवारी दर्ता प्रमाण पत्रको प्रतिलिपिको लागि दरखास्त सहित कार्यालय प्रमुख समक्ष अनिवार्य निवेदन ।



**बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा**

वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा
**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

हाम्रा सेवाहरु
- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६



**वरिष्ठ मुटु रोग विशेषज्ञ**



DR. RAJESH KUMAR PANJIYAR
MBBS, MD INTERNAL MEDICINE,
DM CARDIOLOGY FAPSC (JAPAN)
NMC NO.: 8021
SENIOR CLINICAL & INTERVENTIONAL CARDIOLOGIST

CATH LAB Training (सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी, काठमाडौं)

प्रत्येक महिनाको तेस्रो शनिबार विराटनगरबाट

**उपचार हुने रोगहरू**
- उच्च रक्तचाप(Blood Pressure),कोलेस्ट्रोल
- छाती दुख्ने, चक्कर आउने, थकान धेरै हुने
- राति सुत्दा वा हिड्दा साँस फेर्न गाह्रो हुने
- हात,खुट्टा सुन्निने, पसिना धेरै आउने, ढुकढुकी बढ्ने
- मुटुको कमजोरी (Heart Failure)
- हृदयघात (Heart Attack)
- पुरानो मुटु रोग सम्बन्धी समस्या
- ECG र मुटुको भिडियो एक्सरे (ECHO)सेवा
- मुटु सम्बन्धी अपरेसन गरेको तथा पेसमेकर राखेका बिरामीहरु का लागि नियमित परामर्श

**आर. आर. पोलिक्लिनिक**
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड-४,झापा
०२३-५९११७४, ९८२०४५११७४


# माहेश्वरी समाज मेची र महिला मञ्चको साधारणसभा

**बुट्टावारी, चैत १४।** माहेश्वरी समाज मेची र माहेश्वरी महिला मञ्च मेचीको साधारणसभा तथा पद हस्तान्तरण कार्यक्रम बिर्तामोडस्थित मारवाडी सेवा समाजको सभाहलमा सम्पन्न भएको छ ।

नेपाल राष्ट्रिय मारवाडी महिला संगठनकी केन्द्रीय अध्यक्ष निर्मला जोशीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा तीन वर्षे कार्यकालका लागि नयाँ कार्यसमिति समेत सर्वसम्मत चयन गरिएको छ ।

माहेश्वरी समाज मेचीको अध्यक्षमा सामाजिक व्यक्तित्व नवीन गट्टानी चयन भएका छन् । उपाध्यक्षमा आनन्द सोनी, सचिवमा रितेश बिहानी, सहसचिवमा हरिश झंवर तथा कोषाध्यक्षमा पंकज तोषनीवाल चयन भएका छन् । त्यस्तै सदस्यहरूमा प्रमोद मिंत्री, सुनील बिहानी, बिपेन्द्र गट्टानी, राजेन्द्र गट्टानी, डा. रोशन अटल, डा. हेमन्त राठी, बजरंग राठी, पवन गट्टानी र नितेश साबु रहेका छन् ।

माहेश्वरी महिला मञ्च मेचीको अध्यक्षमा सुधा अटल तोषनीवाल चयन भएकी छन् । मञ्चको उपाध्यक्षमा गीता गट्टानी र लीलादेवी झंवर, सचिवमा ज्योति गट्टानी, सहसचिवमा इन्दु बिहानी तथा कोषाध्यक्षमा दीप्ति राठी चयन भएका छन् । त्यस्तै सांस्कृतिक सचिवमा रुचि झंवर र पुनम गट्टानी, स्वास्थ्य समिति संयोजकमा डा. सन्ध्या राठी रहेका छन् भने सदस्यहरूमा कविता गट्टानी, विनिता गट्टानी, मनिषा मिन्त्री, किरण गट्टानी, पूजा सिगची, प्रियंका झंवर र कान्ता सोनी सर्वसम्मत चयन भएका छन् ।

कार्यक्रममा सचिव सुधा अटल तोषनीवालले तीन वर्षे कार्यकालको प्रतिवेदन र आर्थिक प्रतिवेदन प्रियंका झंवरले प्रस्तुत गरेका थिए । नवगठित समितिलाई अध्यक्ष नवीन गट्टानी र सुधा अटल तोषनीवालले पद तथा गोपनीयताको शपथ गराएका थिए ।

निवर्तमान अध्यक्ष रीता चित्तलाङ्गिया र महेश चित्तलाङ्गियाको कार्यकालमा शिक्षा, सामाजिक र मानवीय क्षेत्रमा उल्लेखनीय कार्य गरिएको बताइएको छ । जुनकिरी सार्वजनिक आधारभूत विद्यालय, गणेश आधारभूत विद्यालय र बन्दी सहायता नेपाल अर्जुनधाराका बालबालिकाहरूलाई स्कूल ड्रेस, स्टेशनरी, खाद्यान्न, फर्निचर तथा भाँडाकुँडा वितरण गरिएको थियो ।

त्यसैगरी सरस्वती मन्दिर निर्माण, प्रगति सामुदायिक वन उपभोक्ता समितिमा वृक्षरोपण, वृद्धाश्रम तारा नमस्ते बालगृह बिर्तामोडमा खाद्यान्न तथा आवश्यक सामग्री वितरणलगायत कार्यहरू गरिएको बताइएको छ । कार्यक्रममा प्रमुख अतिथि जोशी, अखिल भारतवर्षीय माहेश्वरी महिला संगठनकी नीतू सोमानी र प्रधानाध्यापक रञ्जित परियारले निवर्तमान समितिको कार्यको प्रशंसा गर्दै नवगठित नेतृत्वलाई सफल कार्यकालको शुभकामना दिएका थिए ।

कार्यक्रम संस्थापक सुधा गट्टानीको अध्यक्षतामा सम्पन्न भएको थियो भने स्वागत मन्तव्य महेश चित्तलाङ्गियाले र सहजीकरण सचिव सुधा अटल तोषनीवालले गरेका थिए ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# नयाँ अध्यायको आरम्भ

**नेपालको राजनीतिक इतिहासमा नयाँ अध्यायको आरम्भ भएको छ । देशले पहिलोपटक जननिर्वाचित अनि युवा नेतृत्वको कार्यकारी प्रमुखका रुपमा बालेन्द्र शाहलाई पाएको छ । अति छोटो समयमा काठमाडौं महानगरको प्रमुखमा अत्यधिक मतसहित निर्वाचित शाह अचानक संसदीय राजनीति मार्फत राज्य सञ्चालनको जिम्मेवारी सम्हाल्न पुगेका छन् । यसका लागि केवल उनी होइनन् उनी सम्बद्ध राष्ट्रिय स्वतन्त्र पार्टीप्रतिको जनअपेक्षा र विश्वासकै काम गरेको छ । महानगर प्रमुखका रुपमा उनले काठमाडौंको समृद्धिमा छोटै समयमा दिएको योगदान पार्टीको झण्डै दुई तिहाइ बहुमतको एउटा आधार हो । त्यसैगरी पार्टी सभापति रवि लामिछानेले प्रधानमन्त्रीकै उम्मेदवार घोषणा गरेका कारण पनि पार्टी प्रतिको जनलहरले बहुमत प्राप्त गर्ने आधार तय गरेको हुनसक्छ ।**

**सभापति लामिछानेले समयको मागलाई बुझे, देशको आवश्यकतालाई अनुभूत गरे र बरिष्ठ नेता बालेन्द्रलाई जिम्मेवारी पनि दिए । नवपुस्ताको विद्रोह भावना र मर्मलाई आत्मसात गर्दै रास्वपाले फागुन २१ को निर्वाचनमा बहुसंख्यक युवा उम्मेवारलाई अघि सार्‍यो । मतदाताले हिजोका समयको चाप अनुभूत गर्न नसक्ने, आफूलाई मात्रै योग्य, सर्वज्ञ र निर्विकल्प ठानेर अहंकार गर्नेहरुलाई मतदानकै माध्यमबाट पालो दिए । देश र जनताले खोजेको परिवर्तनको बाहक ठानेर शायद, दशकौंदेखिको भ्रष्टाचार, कुशासन लगायतका विकृतिहरुको चाङबाट उत्पन्न निराशा, कुण्ठा र आक्रोश मतकै आधारमा अस्वीकृत गरे । त्यसै अनुसार रास्वपाले शुक्रबार वैदिक परम्परा अनुसार सरकार पनि गठन गरेको छ ।**

**नयाँ दलका रुपमा उदाएको रास्वपा परिवर्तनको नारासहित चुनावी मैदानमा थिए । युवा पुस्ताको सक्रिय सहभागिता, सामाजिक सञ्जालको व्यापक प्रयोग र जनसंवादको नयाँ शैलीले मतदाताको मन जित्न र निर्वाचनलाई जीवन्त बनाउन सहयोग गर्‍यो । भ्रटाचारबिरुद्धको स्पष्ट अडान, प्रशासनिक सुधारको प्रतिबद्धता र पारदर्शी शासनको वाचाले रास्वपाले छोटै समयमा मन र मत जित्न सक्यो । अब वाचा र प्रतिबद्धता पूरा गर्ने अभिभारा रास्वपा र अझ बालेन्द्र नेतृत्वको सरकारसँग छ । विपक्षी अन्य सबै दल तथा शक्तिहरुले पनि यो परिस्थितिलाई गम्भीर ढंगले लिनु पर्दछ । यद्यपि जेन–जी विद्रोह र आममतदाताको भावना मुताविक कार्की आयोगको प्रतिवेदन कार्यान्वनयको चरणमा नयाँ तरंग उत्पन्न भएको छ अनि पनि देश, समय र नेपाली नागरिकका मागलाई सम्बोधन गरिनु नै पर्छ । तर, बालेन्द्र नेतृत्वको सरकारले आवेग, उत्तेजनाले पाइला अघि बढाउनुपर्छ । भने जस्तै सुशासन, प्रजातान्त्रिक मूल्य–मान्यताको अनुशरण गर्दै देशलाई समृद्धिको बाटोमा हिंडाउनुपर्छ ।**

# एसईई तयारीमा प्राथमिकता

खेमराज निरौला

यस वर्षको एसईई आगामी चैत २० गतेदेखि सञ्चालन हुँदैछ। चैतको पहिलो साताामा हुने परीक्षा प्रतिनिधि सभाको निर्वाचनका कारण करिब दुई हप्ता पछाडि हुन लागेको हो। परीक्षा नियन्त्रण कार्यालयका अनुसार देशभरबाट यस पटक करिब पाँच लाख विद्यार्थी एसईईमा सामेल हुँदैछन्। राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार कक्षा १ देखि ८ सम्म आधारभूत तह र कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक तहका रूपमा परिभाषित गरिएको छ त्यसैले कक्षा १० र १२ को अन्तमा लिइने राष्ट्रिय परीक्षालाई महत्त्वका साथ हेरिन्छ। उच्च शिक्षामा प्रवेश गर्ने विद्यार्थीका लागि यी परीक्षा झनै महत्त्वपूर्ण रहेका छन्।

नेपालमा वि.सं. १९९० देखि कक्षा १० को अन्त्यमा लिइँदै आएको परीक्षा पद्धति र नतिजाप्रति विभिन्न किसिमका आलोचना र आरोप प्रत्यारोप पनि त्यत्तिकै चलिरहेकै छन्। परीक्षा प्रणाली र नतिजाका बारेमा सकारात्मकभन्दा पनि नकारात्मक टीकाटिप्पणी बढी हुने गरेका छन्। नतिजा प्रकाशनका समयमा परीक्षा बोर्डले गर्ने निर्णयको पनि आलोचना हुने गरेको छ। त्यस्ता आलोचना र टिप्पणीले पनि आजसम्म आइपुग्दा नतिजा सन्तोषजनक नहुनु, परीक्षा प्रणालीमा सुधार हुन नसक्नु, शिक्षण सिकाइ प्रभावकारी र गुणस्तरीय हुन नसक्नुका पछाडिका कारण र कमजोरी पत्ता लगाई समाधान गर्नेतर्फ चासो र सरोकार बढ्नु जरुरी छ। नतिजालाई मात्र हेर्ने र आलोचना गर्ने प्रवृत्तिले एसईईको औचित्य माथि नै प्रश्न उठ्न थालेको छ।

विगतका नतिजा हेर्ने हो भने सबैभन्दा बढी अंग्रेजी, गणित, विज्ञान र सामाजिक विषयमा विद्यार्थी कमजोर देखिएका छन्। समग्रमा ६० प्रतिशत पनि सफल हुन नसक्नुका पछाडिको कमीकमजोरी खोजी गरेर नतिजा सुधार्नुपर्ने आवश्यकता छ। अपेक्षाकृत नतिजा आउन नसक्नुका पछाडि विद्यार्थी मात्र दोषी नभएर राज्य, अभिभावक, विद्यालय, शिक्षक, विद्यार्थी र समग्र समाजको भूमिका त्यत्तिकै महत्त्वपूर्ण छ। लगानी अनुरूपको प्रतिफल आउन नसक्नुका पछाडिको कारण हामीले खोज्नै पर्छ। परीक्षाको समयमा विद्यार्थीले अपनाउनुपर्ने सजगता, लगनशिलता र उत्सुकतामा हुने कमीले पनि धेरै विद्यार्थी 'ननग्रेडेड' हुनु परेको यथार्थ छ।

एसईईलाई जटिल र फलामे ढोका भन्नुभन्दा पनि सहज रूपमा लिएर अघि बढ्न विद्यार्थीलाई प्रेरित गर्नु पर्छ। यस कार्यमा शिक्षक, विद्यार्थी, विद्यालय र अभिभावकको भूमिका महत्त्वपूर्ण हुन्छ। आत्मविश्वास



र निरन्तरको अभ्यासले मात्र उत्कृष्टता हासिल गर्न सकिन्छ, तर परीक्षाको समयमा मात्र पढ्ने बानीले तनाब बढाउन सक्छ। परीक्षा तयारीका समयमा आफू अनुकूलको समय तालिका बनाएर अध्ययन गर्नाले नतिजा आफ्नो पक्षमा पार्न सफल होइन्छ। अलिक गाह्रो लाग्ने विषयलाई प्राथमिकतामा राखेर तयार गर्नु पर्छ। सजिलो विषयलाई थोरै समय भए पनि फरक नपर्न सक्छ। पढेको कुरा मनन गर्ने र लेख्ने अभ्यास गर्नाले लेखाइमा शुद्धता बढ्छ। आफूले पढेका विषयसँग सम्बन्धित कुरालाई बुँदागत रूपमा कपीमा टिपोट गरेर याद गर्नुपर्छ। आफूले तयार गरेको विषयवस्तुलाई दिगो राख्ने उपाय भनेकै बुँदा टिपोट गर्ने हो, जसले परीक्षामा सहज रूपमा उत्तर लेख्न सघाउँछ।

कुनै पनि विषयको अध्ययनपश्चात् आफ्नो मूल्याङ्कन आफैँले गर्नुपर्छ। विषयवस्तुसँग सम्बन्धित प्रश्न आफैँ बनाउने र उत्तर लेख्न प्रयास गर्नुपर्छ। निरन्तरको अभ्यासले थप परिष्कृत र जिज्ञासु बनाउँछ। सीमित प्रश्न र त्यसका रेडिमेड उत्तर खोज्नेभन्दा पनि पाठ्यपुस्तकका हरेक एकाई पटक-पटक राम्रोसँग पढेर विश्लेषणात्मक ढङ्गले लेख्ने प्रयास गर्नुपर्छ। गणितीय समस्यालाई लगातार समाधान गरिरहनुपर्छ, जसले स्मृतिमा रहिरहन सघाउँछ।

विद्यार्थीमा गणितीय सीप जति उच्च हुन्छ, त्यति नै बढी अन्य विषयमा पनि राम्रो गर्न सकिन्छ। सैद्धान्तिक विषयको उत्तर लेख्दा पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्रीमा भएका कुरा हुबहु सार्नेभन्दा पनि बुझेर मौलिक ढङ्गले प्रश्नहरूको हल गर्नुपर्छ। कतिपय कुरा बुझ्न र स्मरणमा राख्न लामो समय लाग्ने हुनाले त्यस्ता कुरालाई दैनिक रूपमा आफ्नो आँखा पर्ने ठाउँमा ठूलो अक्षरमा लेखेर टाँस्ने गर्दा बारम्बार त्यही कुरा देखिरहने हुनाले स्मरणमा लामो समयसम्म रहिरहन्छ।

परीक्षा तयारी गर्दा विद्यार्थीले कहिल्यै पनि तनाब लिनु हुँदैन। तनाब र दबाबमा रहँदा परीक्षा बिग्रने डर हुन्छ। तनावमुक्त र स्वतःस्फूर्त हुन आफ्नो स्वास्थ्यलाई पनि ख्याल राख्नु पर्छ। स्वास्थ्य ठिक छ भने मात्र परीक्षामा राम्रो गर्न सकिन्छ। पर्याप्त मात्रामा पानी पिउने, ताजा फलफूल खाने, हल्का शारीरिक व्यायाम गर्नाले पढेका कुरा स्मरण गर्न सहज हुन्छ, जसले आत्मबल पनि बढाउँछ र परीक्षामा राम्रो गर्न सकिन्छ। परीक्षा छ भन्दैमा दिनरात नभनिकन एकोहोरो पढिराख्ने बानीले शरीरको सन्तुलन बिग्रने डर हुन्छ र विभिन्न शारीरिक समस्या देखा पर्न सक्छन्। कम्तीमा छ/सात घण्टा सुत्ने र बिहान सबेरै उठेर अध्ययन थाल्नु पर्छ। बिहानको समयमा अध्ययन गर्दा छिटो सम्झन सकिन्छ।

परीक्षा तयारीको अर्को महत्त्वपूर्ण र प्रभावकारी विधि भनेको समूहमा बसेर छलफल गर्नु हो। प्रश्न-उत्तर र छलफल विधिले सिकाइलाई थप प्रभावकारी बनाउन सहयोग गर्छ। विषयवस्तुमा केन्द्रित भई छलफल गर्दा त्यसलाई नयाँ ढङ्गले बुझ्न सजिलो हुन्छ। अझ विशिष्टीकरण तालिका अनुसार प्रश्नहरूको अभ्यास गर्नाले उत्तर लेखन शैलीमा निखार आउँछ। प्रश्नहरू हल गर्दा स्पष्टसँग सङ्केत नम्बर उल्लेख गर्नुपर्छ। सम्भव भएसम्म क्रमैसँग उत्तर लेख्ने गर्नुपर्छ। कुनै पनि प्रश्नको उत्तर लेखिसकेपछि कम्तीमा दुई/चार लाइन खाली छाडेर अर्को प्रश्नको हल गर्दा राम्रो हुन्छ। कहिलेकाहीँ तयार गरेका कुरा पछि सम्झेर त्यो खालि ठाउँमा थप्न सकिन्छ। प्रश्न बारम्बार पढ्नुपर्छ। प्रश्नले के उत्तर मागेको छ, कुरा बुझेर मात्र लेख्न शुरु गर्नुपर्छ। हतारमा उत्तर लेखेर पछि केरमेट गर्नुभन्दा पहिले नै प्रश्नलाई बुझ्नु पर्छ।

अहिले बजारमा विभिन्न विषयका सोलुसन, गाइड, गेसपेपर, क्याप्सुलका नाममा सन्दर्भ सामग्री छ्यापछ्याप्ती पाइन्छन्। त्यस्ता सामग्री प्रयोग गर्दा सचेत भएर गर्नुपर्छ। दिगो र भरपर्दो भनेकै पाठ्यक्रम र पाठ्यपुस्तक हुन्। परीक्षा हलभित्र प्रवेश गर्दा विषय अनुसार आवश्यक पर्ने सामग्री साथै लिएर जानु पर्छ। परीक्षामा समयको झनै ठूलो महत्त्व हुन्छ। प्रश्नहरूको अङ्कभार अनुसार समय विभाजन गर्नुपर्छ। छोटा र अति छोटा प्रश्नलाई धेरै समय खर्चिनु हुँदैन। लामो उत्तरात्मक प्रश्नलाई बढी समय खर्चिनुपर्ने हुन्छ। राम्रो तयारी गरेको प्रश्नको आवश्यकताभन्दा बढी लेख्ने तर तयारी कम भएको प्रश्नको उत्तर ज्यादै कम लेख्ने गरेमा सोचे जस्तो नतिजा नआउन सक्छ। यसका लागि अङ्कभार अनुसार उत्तर लेख्नु पर्छ। उत्तरपुस्तिकाको प्रथम पृष्ठमा लेखिएका निर्देशनलाई पालन गरेर उत्तर लेखेमा राम्रै सफलता हासिल हुन सक्छ।

एसईईलाई अझ मर्यादित र उपलब्धिमूलक बनाउन अभिभावकको पनि उलेख्य भूमिका रहन्छ। आफ्ना नानीबाबुले कस्तो तयारी गर्दै छन् ? कहाँ जान्छन् ? साथीसङ्गत कस्ता छन् ? भन्ने जानकारी लिनु पर्छ। गाह्रो लागेका विषयको अतिरिक्त कक्षा गराएर भए पनि नतिजालाई सुधारको बाटोतर्फ लानु पर्छ। समयमै सजग र सक्रिय भइयो भने सुधार सम्भव छ, नत्र शिक्षाको लगानी बालुवामा पानी जस्तै हुन पुग्छ। विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षक, विद्यार्थीको संयुक्त प्रयासले मात्र एसइईको नतिजामा सुधार ल्याउन सकिन्छ। कुन पक्षको कति योगदान रह्यो भन्ने कुराको लेखाजोखा पनि हुन सकेमा थप केही सुधारको आशा गर्न सकिन्छ। तसर्थ एसईई विद्यार्थीको मात्र परीक्षा नभएर सरोकारवाला सबैको परीक्षा हो भन्ने ठान्नु पर्छ।

# आयुर्वेदमा गर्भ संस्कार

डा. खुशवु झा



आजको तीव्र प्रतिस्पर्धात्मक र प्रविधिमुखी युगमा प्रत्येक अभिभावकको चाहना हुन्छ- स्वस्थ, बुद्धिमान, सुसंस्कृत र सक्षम सन्तान जन्मियोस्। के सन्तानको विकास केवल जन्मपछि मात्र सम्भव हुन्छ ? आयुर्वेदको दृष्टिकोण यसभन्दा धेरै गहिरो छ। आयुर्वेद भन्छ- शिशुको विकास गर्भमै शुरु हुन्छ। त्यहीँबाट उसको शरीर, मन, बुद्धि र व्यवहारको आधार निर्माण हुन्छ। यही वैज्ञानिक र आध्यात्मिक अवधारणालाई 'गर्भ संस्कार' भनिन्छ।

गर्भ संस्कार भन्नाले गर्भावस्थालाई वैज्ञानिक ढङ्गले योजना बनाई स्वस्थ शिशु प्राप्त गर्ने र आमाको स्वास्थ्य सुनिश्चित गर्ने विशेष प्रक्रिया हो। गर्भ संस्कारको मूल उद्देश्य भनेको गर्भावस्थामा आमा स्वस्थ र खुशी रहोस् र अन्त्यमा स्वस्थ शिशुको जन्म होस् भन्ने हो। यस प्रक्रियामा आयुर्वेद, योग, ज्योतिष, सङ्गीत (सङ्गीत उपचार) विद्याहरू समावेश गरिन्छन्। आयुर्वेद अनुसार, गर्भ संस्कार स्वस्थ सन्तान जन्माउनका लागि उत्कृष्ट उपाय मानिन्छ। यसले गर्भवती महिलाले गर्भावस्थाभरि शारीरिक तथा मानसिक रूपमा सुदृढ रहनुपर्नेमा जोड दिन्छ। गर्भावस्था महिलाको जीवनमा ठूलो शारीरिक, रोग विज्ञानजन्य तथा मानसिक अनुकूलनको समय हो। यस अवधिमा शरीरका हरेक अङ्ग र कोषिकाले उच्च गतिमा काम गर्न थाल्छन्।

स्वस्थ सन्तानको विकास यी सबै अनुकूलनहरूमा निर्भर हुन्छ। गर्भवती महिलाले सम्पूर्ण गर्भावस्थाभरि विशेष हेरचाह पाउनुपर्छ। यसरी गर्भ संस्कारले गर्भधारणको तयारीदेखि लिएर शिशु जन्मदासम्मको सम्पूर्ण मातृ-हेरचाहको पूर्ण प्रोटोकल प्रदान गर्छ। यसले माताको स्वास्थ्य सुनिश्चित मात्र गर्दैन, आमा र शिशुबीचको आत्मीय सम्बन्ध पनि गाढा बनाउँछ। गर्भ संस्कारलाई पेटभित्रै भ्रुणलाई शिक्षा दिने प्रक्रिया पनि भनिन्छ, जस अन्तर्गत वाह्य माध्यमबाट शिशुको इन्द्रीयलाई सौम्य रूपमा उद्दीपन गरेर उसको शारीरिक, भावनात्मक र बौद्धिक क्षमताको अधिकतम विकास गर्न सकिन्छ।

गर्भ संस्कार सम्बन्धी ज्ञान प्राचीन शास्त्रहरूदेखि पाइन्छ र यो आयुर्वेद, योग तथा धर्मशास्त्रसँग गहिरो सम्बन्ध राख्छ। 'गर्भ संस्कार' शब्दको शाब्दिक अर्थ 'पूर्वशिक्षा' वा 'भ्रुणको परिष्कार' भन्ने हुन्छ, जसले गर्भाधानभन्दा अघि आमाबाबुको सचेत तयारी, समग्र प्रसूति पूर्व हेरचाह तथा गर्भावस्थाभरि भ्रुणको आध्यात्मिक, मानसिक र सांस्कृतिक पोषणमा जोड दिन्छ। आयुर्वेद र योग मिलेर केवल स्वस्थ शिशु जन्म मात्र नभई बलियो, सद्गुणी, संस्कारी र भावनात्मक रूपमा सन्तुलित सन्तान जन्म सुनिश्चित गर्ने पूर्ण प्रणाली प्रस्तुत गर्छन्।

आयुर्वेदले मातृ तथा शिशु स्वास्थ्यका लागि व्यापक प्रोटोकल सुझाउँछ, गर्भाधानभन्दा अघि दम्पत्तीको शरीर र मनलाई शुद्ध (शोधन) र सुदृढ बनाउने (बीज शुद्धि), प्रसूति पूर्व हेरचाह (गर्भिणी परिचर्या), गर्भावस्थाको प्रत्येक महिनामा खानपान, जीवनशैली र पालन गर्ने दिनचर्याबारे निर्देशन, आवश्यक परेमा गर्भलाई समर्थन गर्न वा जटिलता उपचार गर्न औषधीय तयारी वा घृत सेवन, प्रसवको समयमा हेरचाह, प्राकृतिक प्रसूति अभ्यास, पीडानिवारण विधि तथा सुरक्षित प्रसव, प्रसूतिपश्चात् हेरचाह (सुतिका परिचर्या), विशेष आहार, आराम र उपचार जसले आमाको शक्ति पुनर्स्थापना गर्ने र वात दोष सन्तुलन गर्ने हुन्छ।

गर्भाधानभन्दा अघि नाडी शुद्धि (ऊर्जा नली शुद्ध गर्ने)का लागि प्राणायाम गर्ने। प्रत्येक महिना अनुसार तयार गरिएका आसन जसले रक्तसञ्चारमा मद्दत गर्ने र भ्रुणको उचित विकास गर्ने, प्राणायाम अभ्यास जसले मन शान्त पार्ने, सास नियमन गर्ने र आमा तनाव घटाउने काम गर्छ। प्रसव तयारी गहिरो सास फेर्ने र ध्यानात्मक अभ्यास जसले प्रसवलाई सहज बनाउने गर्छ। यी अभ्यासले शरीरलाई बलियो बनाउँछन्, चिन्ता घटाउँछन् र सकारात्मक तरङ्गहरू उत्पन्न गर्छन्, जसलाई भ्रुणले प्रत्यक्ष अनुभव गर्छ। गौतम धर्मसूत्रले ४० संस्कारको सूची दिएको छ।

व्यास स्मृतिले १६ प्रमुख संस्कार (षोडश संस्कार)लाई मान्यता दिएको छ। चरकले गर्भावस्थाको उद्देश्यलाई 'श्रेयसी प्रजा' अर्थात् स्वस्थ, सद्गुणी र सात्विक सन्तानको जन्म भनेर वर्णन गरेका छन्। उनले गर्भधारण आकस्मिक नभई सचेत योजनाबद्ध र विशेष हेरचाहसहित हुनुपर्नेमा जोड दिएका छन्। दम्पत्तीले आफ्नो सन्तानमा विशेष गुण चाहन्छ भने उनीहरूले आफूलाई सधैँ सद्गुणी प्रभावहरूले घेरिनुपर्ने हुन्छ- महान् व्यक्तिको चित्र, उनीहरूको जीवन कथा र ती गुणहरूको निरन्तर चिन्तन गर्नुपर्छ। उनले चेतावनी दिएका छन् कि बिग्रिएका सन्तान योग्य र सम्पन्न परिवारका लागि समेत अभिशाप बन्न सक्छन्। यी सन्दर्भहरूले गर्भ संस्कारको आधार तयार गर्छन्, जसले देखाउँछ कि गर्भावस्थामा आमाबुबाको विचार, वातावरण र छापहरूले सन्तानको गुण र व्यवहारमा प्रत्यक्ष प्रभाव पार्छ।

जब सुभद्रा (अर्जुनकी पत्नी) गर्भवती थिइन्, अर्जुनले उनलाई चक्रव्यूह (जटिल युद्ध संरचना) प्रवेश गर्ने तरिका सुनाएका थिए। भ्रुण अवस्थामा अभिमन्युले त्यो ज्ञान आत्मसात् गरे तर उनकी आमा निदाएपछि अर्जुनले बाहिर निस्कने तरिका सिकाउन सकेनन्। त्यसैले पछि युद्धमा अभिमन्युभित्र पस्न त सके तर बाहिर निस्कन सकेनन्। यसले गर्भअवस्थामै शिक्षा र गर्भमा परेको छापले क्षमतामा सीमा वा सम्भावना कसरी तय गर्छ भन्ने कुरा देखाउँछ। प्रह्लाद ( भागवतपुराण) प्रह्लादकी आमा कायधु गर्भवती हुँदा नारदमुनीका उपदेश र भगवान् विष्णुको भजन सुन्ने गर्थिन्। राक्षस वंशमा जन्मिए पनि प्रह्लाद भगवान् विष्णुप्रति अटल भक्त बने। यसले देखाउँछ कि आमाको भक्ति र आध्यात्मिक अभ्यासले शिशुको धार्मिक वा आध्यात्मिक झुकावमा प्रत्यक्ष प्रभाव पार्छ। रामायणमा पुत्रकामेष्टि यज्ञ राम जन्म हुनुअघि राजा दशरथले पुत्रकामेष्टि यज्ञ सम्पन्न गरेका थिए।

अग्निदेवले उनलाई दिव्य पायस (मिठो प्रसाद) दिए, जुन उनले आफ्ना रानीहरूलाई खुवाए। यस अनुष्ठान र प्रसादलाई गर्भ संस्कारको प्रारम्भिक रूप मान्न सकिन्छ, जसले सद्गुणी र योग्य सन्तान प्राप्तिका लागि तयारी गरेको देखाउँछ। गर्भ संस्कार हरेक गर्भवती आमाका लागि अत्यन्त महत्त्वपूर्ण शास्त्र हो, जसले गर्भमै स्वस्थ शरीर, मन र आत्माको सचेत विकासमा जोड दिन्छ। यसको महत्त्व आजको युगमा बहुआयामिक छ। भविष्यको पुस्तालाई प्रतिस्पर्धात्मक बनाउन तयारी, आजको वैश्वीकरण, प्रविधिको तीव्र विकास र उग्र प्रतिस्पर्धाको युगमा भविष्यका सन्तान बुद्धिमान, सृजनशील, अनुकूलनशील र स्रोतसाधनयुक्त हुन जरुरी छ।

अस्वस्थ सन्तान मार्फत सामाजिक अधोगति रोकथाम, अस्वस्थ, कमजोर वा भ्रमित सन्तानले परिवार र समाजमा दीर्घकालीन क्षति पुर्‍याउँछ। यस्तो परिणामले सांस्कृतिक, नैतिक र नीतिगत मूल्यहरू क्षीण गर्न सक्छ। सद्गुणविहीन पुस्ताले मानवताको आधारभूत संरचनालाई नै धम्की दिन्छ, जसले सामाजिक असन्तुलन, द्वन्द्व र पतन निम्त्याउँछ। आधुनिक विज्ञानले स्वीकार गरेको छ कि भ्रुणको मस्तिष्क विकास, इन्द्रीय उद्दीपन र मानसिक छाप गर्भमै शुरु हुन्छ। आयुर्वेदले गर्भ संस्कारमार्फत गर्भाधानदेखि नै बुद्धि (बुद्धि), बल (बला), चरित्र (शील), सद्गुण (सद्गुण)को पोषण गर्न अभ्यास निर्दिष्ट गरेको छ। अभिभावकको कर्तव्य हुन्छ कि सकारात्मक छाप, असल मूल्य र उच्च सद्गुणहरू आफ्ना सन्तानलाई जन्म पूर्व सिकाउन थाल्नु पर्छ। गर्भावस्था महिलाको जीवनमा ठूलो शारीरिक र मानसिक अनुकूलनको अवधि हो। उचित प्रसूतिपूर्व मार्गदर्शनले आमालाई शारीरिक स्वास्थ्य, मानसिक सन्तुलन र आध्यात्मिक शान्ति प्रदान गर्छ, जसको प्रत्यक्ष असर भ्रुणमा पर्छ। गर्भ संस्कारले आहार, योग, ध्यान, मन्त्र र जीवनशैली सम्बन्धी महिनावार संरचित प्रोटोकल प्रदान गर्छ, जसले आमा र शिशु दुवैको स्वास्थ्य सुनिश्चित गर्छ।

गर्भ संस्कार केवल एउटा परम्परागत अभ्यास मात्र होइन, यो जीवन निर्माणको वैज्ञानिक, आध्यात्मिक र मानवीय आधार हो। आजको बदलिँदो समय, बढ्दो मानसिक तनाव, असन्तुलित जीवनशैली र प्रविधिको अत्यधिक प्रयोगबीच, स्वस्थ र सुसंस्कृत सन्तान जन्माउनु एउटा चुनौती बन्दै गएको छ। यस्तो अवस्थामा गर्भ संस्कारले केवल समाधान मात्र होइन, भविष्य निर्माणको स्पष्ट मार्गदर्शन प्रदान गर्छ। गर्भ संस्कारले हामीलाई एउटा गहिरो सन्देश दिन्छ- 'सन्तान जन्माउने मात्र होइन, सन्तानलाई निर्माण गर्ने जिम्मेवारी अभिभावकको हो।'

यो निर्माण प्रक्रिया गर्भमै शुरु हुन्छ, जहाँ आमाको प्रत्येक विचार, प्रत्येक आहार, प्रत्येक भावना र प्रत्येक व्यवहारले शिशुको व्यक्तित्वमा अमिट छाप छोडिरहेको हुन्छ। आमा शान्त, सकारात्मक र सन्तुलित रहन्छिन् भने, त्यसको प्रत्यक्ष प्रभाव शिशुको मस्तिष्क, भावनात्मक स्थिरता र व्यवहारमा देखिन्छ। गर्भावस्था केवल शारीरिक अवस्था होइन, यो एउटा सृजनात्मक र पवित्र यात्रा हो, जहाँ नयाँ जीवनको आधार तयार हुँदैछ। आजको पुस्तालाई केवल शिक्षित होइन, संस्कारी, संवेदनशील र जिम्मेवार बनाउनुपर्ने आवश्यकता झन् बढेको छ। गर्भ संस्कारले यही लक्ष्य प्राप्त गर्न मद्दत गर्छ। यसले भविष्यका सन्तानलाई केवल प्रतिस्पर्धात्मक मात्र होइन, मानवीय मूल्यले सम्पन्न, सृजनशील र सन्तुलित बनाउने आधार तयार गर्छ। हामी स्वस्थ समाज, सक्षम राष्ट्र र उज्ज्वल भविष्यको परिकल्पना गर्छौं भने, गर्भ संस्कारलाई हरेक परिवारले अपनाउनु अपरिहार्य देखिन्छ। किनकि, राष्ट्रनिर्माणको पहिलो ईँटा गर्भमै राखिन्छ र त्यो ईँटा कति बलियो हुन्छ भन्ने कुरा आजको हाम्रो सचेतनामा निर्भर गर्छ।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** आजबाट समयले साथ दिनेछ, नचिताएको ठाउँबाट अकस्मात धन आगमन हुँदा मन खुशी हुनेछ, परिवारजनसँग रमाइलो जमघट हुनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** तपाईको आज व्यापार-व्यवसायमा लाभदायक योग रहेको छ, धन लाभ हुनेछ, मिष्ठान्न भोजन प्राप्त हुनाले मन प्रशन्न रहला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** समय बलवान छ, मान-सम्मानमा मिल्नेछ, व्यापार व्यावसायमा नसोचेको नतिजा प्राप्त हुनाले उत्साह-उमँग बढ्न छ, बेलुकीपख स्वास्थ्यमा समस्या आउन सक्ने योग छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** विपरीत लिङ्गिसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाइँको आजको दिन उत्तमसिद्धी रहेको छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, उपहार प्राप्त हुने योग छ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)** बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुर्‍याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ, धैर्य गर्नुहोला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** उत्तरार्द्धपछि काम बन्ने योग छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन् ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** समय मध्यम रहेको छ, अपरान्नपछि खानपानमा ध्यान दिनुहोला, साथीभाइसँग छोटो दुरीको रमाइलो यात्रा हुनाले मन प्रशन्न रहला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** स्वास्थ्यले साथ दिने छ, शरीरमा स्फूर्ति पैदा हुनेछ, अनावश्यक चिन्ता हटेर जानेछ, सोचेको काममा बाधा आउनाले मन खिन्न रहला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्ने छ, छोटो दुरीको रमाइलो यात्रा हुनेछ, मन हर्षित रहला ।

मिति २०८२/१२/१४ शनिबारको
सुनचाँदी मूल्य
छापावाला सुन प्रति तोला रु. २८१,०००/-
चाँदी प्रति तोला रु. ४,६७०/-

# भण्डारी समाजको वार्षिक महायज्ञ र साधारणसभा



**झापा, चैत १४।** वशिष्ठ भण्डारी समाज केन्द्रीय कार्यसमितिको आयोजनामा झापास्थित वशिष्ठ आश्रम माईधाममा आयोजित वार्षिक धार्मिक तथा संस्थागत कार्यक्रम यस वर्ष पनि भव्य र सभ्य ढंगले सम्पन्न भएको छ।

चैत्र ५ गतेदेखि शुरु भई चैत १३ गते रामनवमीका दिन सम्पन्न कार्यक्रममा यसपटक श्रीमद् भविष्य पुराण सप्ताह ज्ञान महायज्ञ आयोजना गरिएको थियो। अठार पुराण सम्पन्न गर्ने संकल्प लिएको समाजले हालसम्म १६ वटा पुराण सम्पन्न गरिसकेको जनाएको छ। अब लिङ्ग पुराण र गरुड पुराण मात्रै बाँकी रहेको केन्द्रीय अध्यक्ष कृष्णप्रसाद भण्डारी 'मार्सेली'ले जानकारी दिए।

कुलदेवताको आराधना तथा पितृहरूको उद्धारको उद्देश्यसहित आयोजित धार्मिक अनुष्ठानसँगै समाजले चैत्र १२ गते १७औँ वार्षिक साधारणसभा पनि सफलतापूर्वक सम्पन्न गरेको छ। साधारणसभाले ९८ वर्षीय अभिभावक टंकनाथ भण्डारीलाई वंशावली प्रकाशन लगायत समाजको उन्नतिमा पुऱ्याएको योगदानको उच्च मूल्यांकन गर्दै सम्मान गरेको छ।

त्यसैगरी माध्यमिक तहदेखि विद्यावारिधिसम्म अध्ययन पूरा गरेका समाजका सदस्य तथा सन्ततिहरूलाई सम्मान गरिएको छ। स्नातक तहसम्मका सात जना सन्ततिलाई नगद पुरस्कारसहित प्रशंसापत्र प्रदान गरिएको छ भने पीएचडी अध्ययनरत डा. गोपालप्रसाद भण्डारी (दमक) र एमफिल अध्ययनरत विशालमणि भण्डारी (भक्तपुर)लाई दोसल्ला ओढाएर सम्मान गरिएको अध्यक्ष भण्डारीले बताए।

समाजले भौतिक तथा अन्य सहयोग पुऱ्याउने बुद्धिनाथ (कृष्ण) भण्डारी र तीलमाया भण्डारीलाई पनि प्रशंसापत्र प्रदान गरेको छ। साथै, सप्ताह ज्ञान महायज्ञको मण्डप सजावटदेखि सञ्चार माध्यम मार्फत समाजको प्रचारप्रसारमा योगदान पुऱ्याएको भन्दै केन्द्रीय सदस्य सुरेन्द्र भण्डारीलाई धन्यवाद ज्ञापन गरिएको जनाइएको छ।

१७औं वार्षिक साधारणसभामा कोशी प्रदेश सभाका पूर्व सभामुख प्रदीपकुमार भण्डारी प्रमुख अतिथिका रूपमा उपस्थित थिए। कार्यक्रम समाजका अध्यक्ष कृष्णप्रसाद भण्डारी 'मार्सेली'को अध्यक्षतामा सम्पन्न भएको हो भने सञ्चालन महासचिव जयप्रसाद भण्डारीले गरेका थिए।

कार्यक्रममा व्यासाचार्य तथा समाजका सल्लाहकार सभाका सहसभापति छन्धुराम भण्डारीले सबैको योगदानको प्रशंसा गर्दै समाजको थप उन्नति हुने विश्वास व्यक्त गरे। अनुष्ठान अवधिभरको भोजन व्यवस्थापनमा हरेक वर्ष झैं यस वर्ष पनि सहयोग पुऱ्याउने आजीवन सम्मानित सदस्य जनसेवक भण्डारी दम्पत्तिप्रति समाजले आभार व्यक्त गरेको छ।

# हावाहुरी र असिनापानीले भद्रपुरमा क्षति

**भद्रपुर, चैत १४।** गएराति आएको हावाहुरी र असिनापानीले भद्रपुर नगरपालिका-३ सतार बस्तीमा चारवटा घरमा क्षति पुऱ्याएको छ।

मिति २०८२ चैत १४ गते बिहान राति आएको हावाहुरीका कारण स्थानीय बासिन्दाका घर तथा पशुपंक्षीमा समेत क्षति पुगेको हो। प्रहरी चौकी मेचीपारीका अनुसार घटनाबाट करिब एक लाख ३० हजार रुपैयाँ बराबरको क्षति भएको छ।

प्राप्त विवरण अनुसार सतार बस्ती बस्ने बुधय मुर्मूको टिनको छानो र बेरा भएको एकतले घरमा क्षति पुगेको छ। हावाहुरीले घरको छानो उडाउनुका साथै २० वटा कुखुराका चल्ला मर्दा करिब ५० हजार रुपैयाँ बराबरको नोक्सानी भएको प्रहरीले जनाएको छ।

त्यस्तै, सोही स्थानका कमल गणेशको टिनको छानो-बेरा भएको एकतले घर पूर्ण रूपमा क्षतिग्रस्त हुँदा करिब १५ हजार रुपैयाँ बराबरको क्षति भएको छ। दुखिया महत्तोको टिनको छानो भएको भान्सा घर पनि पूर्ण रूपमा क्षतिग्रस्त भएको छ, जसबाट करिब ३५ हजार रुपैयाँ बराबरको नोक्सानी भएको छ।

त्यसैगरी मिस्ति राजवंशीको एकतले टिनको छानो भएको घरमा पनि पूर्ण क्षति पुगेको छ। उक्त घटनाबाट करिब ३० हजार रुपैयाँ बराबरको नोक्सानी भएको प्रहरीले जनाएको छ। स्थानीय स्तरमा क्षतिको मूल्यांकन गरी आवश्यक सहयोगको पहल भइरहेको जनाइएको छ।

# करेन्ट लागेर युवाको मृत्यु

**दमक, चैत १४।** दमक नगरपालिका-८ सेतुमारी रोडमा करेन्ट लागेर एक युवकको मृत्यु भएको छ।

दमक-८ बस्ने २८ वर्षीय निरोज साह आफ्नै किराना पसलबाट पूर्वपट्टि रहेको आफ्नो तीनतले घरमा सीसीटीभी क्यामेराको तार तान्ने क्रममा दुर्घटना भएको हो।

प्रहरीका अनुसार सो क्रममा साहले तानेको तार सोही स्थानमा रहेको विद्युतको हाइटेन्सन लाइनमा लाग्दा विद्युत सर्ट भई करेन्ट लागेको थियो। करेन्ट लागेर घाइते भएका उनलाई तत्काल उपचारका लागि दमकस्थित लाइफ लाइन अस्पताल लगिएको थियो।

उपचारको क्रममा चिकित्सकले उनलाई मृत घोषणा गरेको जनाइएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# ट्याक्टरको ठक्करबाट मृत्यु

**विराटनगर, चैत १४।** मोरङको रंगेलीमा ट्याक्टरको ठक्करबाट एक जना पैदलयात्रीको मृत्यु भएको छ।

बबियाबिर्ताबाट कर्सियातर्फ जाँदै गरेको प्रदेश ०३-००१त७१५१ नम्बरको ट्याक्टरले रंगेली नगरपालिका-१ पोखरी टोलमा पैदलयात्रीलाई ठक्कर दिएको थियो। प्रहरीका अनुसार ट्याक्टरको ठक्करबाट रंगेली-१ का ५० वर्षीय होली ऋषिदेवको मृत्यु भएको हो।

दुर्घटनामा परेर गम्भीर घाइते भएका ऋषिदेवलाई उपचारका लागि विराटनगरको कोशी अस्पताल पुऱ्याउनसाथ चिकित्सकले मृत घोषित गरिदिएका थिए।

# कोशी प्रदेशस्तरीय कविता प्रतियोगिता

**झापा, चैत १४।** रामनवमी पर्वको अवसरमा पाँचथरको हिलिहाङ गाउँपालिकामा आयोजित कोशी प्रदेशस्तरीय कविता प्रतियोगितामा फिदिमका कवि प्रेम नेपाल प्रथम भएका छन्।

हिलिहाङ गाउँपालिका-१, अमरपुरस्थित नवमी बजारमा राम नवमी पर्वका अवसरमा आयोजित उक्त प्रतियोगितामा प्रदेशका विभिन्न जिल्लाबाट आएका ७८ जना कविलाई उछिन्दै नेपालले प्रथम स्थान हासिल गरेका हुन्। उनले 'गाउँ फर्की कान्छा' शीर्षकको कविता वाचन गरेका थिए।

प्रतियोगितामा प्रथम स्थान हासिल गरेसँगै नेपालले नगद २० हजार पुरस्कार प्राप्त गरेका छन्। त्यसैगरी, मचिन्द्र लोवा लिम्बू दोस्रो भएर ११ हजार नगद पुरस्कार प्राप्त गरे। प्रतियोगितामा पवित्रा प्रयत्न र चेवन बस्नेतले तृतीय स्थान हासिल गर्दै सात हजारसहित पुरस्कृत भए।

स्रष्टाहरूका प्रतिभा उजागर गर्ने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको हिलिहाङ गाउँपालिकाका प्रवक्ता तथा वडा नम्बर १ का अध्यक्ष सन्तोष लिङ्देनले बताए। प्रतियोगिताको निर्णायक भूमिका साहित्यकार डा. रमेश शुभेच्छु, प्रेम ओझा र सुमित्रा वाङ्देलले निर्वाह गरेका थिए।


**सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**

यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २X२ जिप्सन तथा २X२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।

बिर्तामोड : झापा फल्स सिलिङ्ग हाउस ९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर फोन नं. : ९८११३४८२४३



**उक्त सबै रोगहरूको तत्काल उपचार**

तारा होमियो फार्मेसीमा सम्पूर्ण होमियोप्याथिक औषधि उपलब्ध हुनुका साथै डाक्टरको सेवा पनि उपलब्ध छ।
पेटका रोगहरु: ग्यास्ट्रिक, पेट दुख्ने, पोल्ने, खाना नपच्ने, अरुचि, पाइल्स, फिस्टुला फिस्सर, मलद्वारमा मासु पलाउने, कब्जियत, जण्डीस
- लिभरका रोगहरु
- महिलाको महिनावारी गडबडी, सानो पेट दुख्ने, पोल्ने, सुन्निने, सेतोपानी जाने, ढाड दुख्ने, स्थनका गाठागुठी आदि।
- अनुहारको चायाँ पोतो, डण्डिफोर, मुसा, खिल, अैजेरु, दम, खोकी, बाथ, मृगौलाको पत्थरी, टाउको दुख्ने, निद्रा नलाग्ने, रुघा लागिरहने, एलर्जी, नाक बन्द हुने, नाकमा मासु पलाउने, पिनास, जोर्नी दुख्ने, युरिक एसीड, थाइराइडको समस्या, स्त्री तथा पुरुषका विभिन्न गुप्तरोगहरु, सुगर, ब्लड प्रेसर, कपाल झर्ने, मोटोपन घटाउने आदि।

तारा होमियो फार्मेसी, बिर्तामोड, झापा
फोन नं.:- ०२३-५३१२९८, ९८५२६७२३१६



**कलर दोकानको रंगिन बहार**

यहाँ इन्डीगो र के.एन.पी. ब्रान्डका सम्पूर्ण कलरहरु विगत १४ वर्षदेखि बिक्री गरी ग्राहकहरुलाई सेवा दिइरहेका छौं। साथै दक्ष पेन्टरद्वारा आफूले चाहे जस्तै कलरमा घरलाई आकर्षक बनाउन हामीलाई सम्झनुहोस्।

कलर दोकान
बिर्तामोड नगरपालिका-४, भद्रपुररोड ने.वि.प्रा. गेट पूर्व
फोन नं. :- ९८५२७७२२२०



**हामीलाई सम्पर्क गर्नुहोस्**

सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं।
*नोट: सिबिल वा रिटायर जुनै भए पनि हुनेछ।*

सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३



**कार्की ट्याक्सी सर्भिस**

दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे

सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०



उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा



**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३



**घर ढलान गर्नुछ ?**

तपाईको सेवामा सधैं चन्द्र सूर्य आर.एम.सी.
झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नुपरेमा सधैंसम्झनुहोस्।
सेवामा २४सैं घण्टा उपलब्ध छौं।
सम्पर्क : ९८०२३१३२९०, ९८२४०५७७०७, ९८०२३१३२९३



**वैदेशिक रोजगार**

के तपाई विदेश जान चाहनुहुन्छ ? यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने **ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालिलाई** सम्झनुहोस्। **हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ।**
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा



शुद्ध दूधको स्वस्थ उत्पादन
**कोसेली**

"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ।

कालिका डेरी, कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२



सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क: राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।



**सेफ्टी ट्यांकी चाहिएमा**

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी ९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६



**वैदेशिक रोजगार**

यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ। सम्पर्क गर्नुहोला।
HK EMPLOYMENT SERVICES PRIVATE LIMITED
सम्पर्क: ९८४२६३४८७४, ९८१६०४९८७६, ०२३-५३५९७३
बिर्तामोड, झापा



**होटल समृद्धि सुरुङ्गा**

एसी हल, एसी रुम, बर्थ डे हल, शान्त वातावरणमा खाना/बस्नसहितको विशेष सुविधा अब होटल समृद्धि सुरुङ्गमा।
होटल समृद्धी
हरिकुल बोर्डिङ्ग छेउ, हाइवे उत्तर कनकाई नपा, सुरुङ्गा, झापा
सम्पर्क : ९८२२१९५२७३, ९८५२६७१४२२



**आयुर्वेद उपचार**

यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क: ९८१८७९३९८६, ९८५२६८८९८६



DRISHTI Eye Care System — TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
**प्रत्येक दिन आँखाको शल्यक्रिया**
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि


# डेंगी रोगबाट आफू बचौं अरूलाई पनि बचाऔं



बिर्तामोड नगरपालिकाले डेङ्गी रोगको रोकथाम र नियन्त्रणको लागि लामखुट्टेको लार्भा 'खोज र नष्ट गर' अभियान सुरू गरेको हुँदा सबै जना अनिबार्य सहभागी बनौं।

**डेंगी के हो ?**

डेंगी लामखुट्टेबाट सर्ने भाइरल संक्रमण वा रोग हो। डेंगीका कारण उच्च ज्वरो आउने, बेस्सरी टाउको दुख्ने, आँखाको गेडी दुख्ने, हाडजोर्नी र मांसपेशीहरू र ढाड दुख्ने, शरीरमा विविरा आउने, रिँगटा लाग्ने, वाकवाकी, वान्ता हुने, यसका साथै पेट दुख्ने, श्वासप्रश्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि हुने गर्दछ।

**डेंगीबाट बच्न के गर्न सकिन्छ ?**

- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पूरा बाहुला भएको पूरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरू अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने,
- आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक स्थानहरूमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने,
- भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरी विसर्जन गर्ने।

डेंगीविरूद्ध खोप र खास उपचार समेत नभएकाले लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो। डेंगीको शंका लाग्नासाथ नजिकैको स्वास्थ्य संस्थामा अनिवार्य जानुहोस्।

जनहितका लागि
बिर्तामोड नगरपालिका
झापा, कोशी प्रदेश


**वैदेशिक रोजगार**

अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. : 023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com



Ganapati Bakers
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस्।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७



अब बिर्तामोडमा
डा. पितामबर ठाकुर
MBBS, MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, मुटु सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand



**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**

१५ वर्षको अनुभवसँग तपाईको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस्! तपाईंको सेवामा!
हाम्रो स्थानहरू: बिर्तामोडमा हिकोला रोड, फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८



UNited International Group
**UAE मा रोजगारीको अवसर**
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No. 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD.
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email: asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com



SUNMAI SPRING
'थोपा-थोपामा जीवन छ'
HACCP, ISO 9001:2015 CERTIFIED COMPANY, स्वदेशी — हाम्रो सामान, हाम्रै स्वाभिमान
स्वास्थ्य जीवनका लागि सुनमाई पानी पिउने बानी बसालौं।
SUNMAI SPRING
Phone: 530335, 530234
Mob. No. 9801440344



**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न [redacted] शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष [redacted] गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न [redacted] लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

स्पार्क पू[redacted]ल अस्पताल, कनकाई रोड
[redacted] टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२[redacted]५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)